आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिको

# तेस्रो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

# विषय-सूची


पृष्ठभूमि ........ १

आर्थिक लक्ष्यको स्थिति ........ २

मौद्रिक नीतिको कार्यान्वयन स्थिति ........ ३

मौद्रिक लक्ष्यहरुको स्थिति ........ ३

मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण ........ ४

तरलता व्यवस्थापन ........ ४

कर्जा तथा स्रोत व्यवस्थापन ........ ६

वित्तीय क्षेत्र कार्यक्रमको कार्यान्वयन स्थिति ........ ६

भुक्तानी प्रणाली सुदृढीकरण ........ ७

विदेशी विनिमय व्यवस्थापन ........ ७

कोभिड–१९ को अर्थतन्त्रमा प्रभाव ........ ७

कोभिड–१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरु ........ ९

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य ........ १०

आर्थिक तथा मौद्रिक परिदृश्य ........ १०

मौद्रिक नीतिको कार्यदिशा ........ ११

मौद्रिक तथा वित्तीय उपायहरु ........ ११

# आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. चीनको वुहान सहरमा सन २०१९ को डिसेम्वरमा शुरु भएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको महामारी विश्वव्यापी बनेको छ । यस संक्रमणबाट हालसम्म विश्वभर ३ लाख ४७ हजारले ज्यान गुमाई सकेका छन् । नेपाल सरकारले संक्रमण रोकथामकालागि २०७६ चैत ११ देखि घरमै वस्नु पर्ने व्यवस्था गरेको छ । संक्रमण रोकथामका लागि अपनाइएको सतर्कताका बाबजूद नेपालमा पनि २०७७ जेठ १२ सम्म ६ सय ८२ जना कोभिड-१९ बाट संक्रमित भएका छन् । संक्रमित मध्ये ११२ जना निको भएर घर फर्केका छन् भने ४ जनाले ज्यान गुमाएका छन् । कोभिड-१९ संक्रमणबाट ज्यान गुमाउनु हुने सवैमा नेपाल राष्ट्र बैंक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समबेदना प्रकट गर्दछ ।

२. स्वास्थ्य संकटको भयावह अवस्थामा अर्थतन्त्रको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । स्वास्थ्य संकटले सिर्जना गरेको आर्थिक संकटको विश्वव्यापी क्षति अकल्पनीय हुने अनुमान सार्वजनिक भइरहेका छन् । विगत ३ वर्ष लगातार उच्च आर्थिक वृद्धिको बाटोमा हिडिरहेको नेपालका लागि पनि अर्थतन्त्रको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । आन्तरिक आर्थिक क्रियाकलापमा देखिएको शिथिलता, वैदेशिक रोजगारीमा उत्पन्न धक्का र आपूर्ति श्रृंखलामा देखापरेको असहजताका कारण बस्तु बजार, श्रम बजार र वित्तीय बजारको सन्तुलन प्रभावित हुने जोखिम बढेको छ ।

३. कोभिड–१९ महामारीका कारण विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष तथा एशियाली विकास बैंक लगायतका संस्थाहरुले विश्व आर्थिक मन्दीतर्फ उन्मुख भएको बताएका छन् । सन् २०२० मा विश्व अर्थतन्त्र ३ प्रतिशतले संकुचित हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धिदर २.२८ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ ।

४. चालु आर्थिक वर्षको नौ महिनासम्ममा मौद्रिक विस्तार लक्षित सीमाभित्र रहन गएकाले यसबाट मूल्य तथा वाह्य क्षेत्र स्थायित्वमा चाप परेको थिएन । पछिल्लो समय उत्पादन तथा आपूर्ति व्यवस्थामा उत्पन्न अनिश्चितताका कारण खाद्यजन्य मुद्रास्फीतिमा भने चाप पर्न थालेको छ । चालु आर्थिक वर्षको नौ महिनासम्मको तथ्याङ्कले वाह्य क्षेत्रको स्थिति सामान्य रहेको देखाएतापनि नेपालका प्रमुख श्रम गन्तव्य मुलुकहरुसमेत महामारीको चपेटामा परेकाले वाह्य क्षेत्र स्थायित्व दवावमा पर्ने देखिन्छ ।

५. चालु आर्थिक वर्षको ८ महिनासम्म स्वाभाविक गतिमा अगाडि बढेको अर्थतन्त्रका लागि कोभिड-१९ महामारीले चुनौती थपेको अवस्थामा चालु आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गरिएको छ । २०७६ साउन ८ गते सार्वजनिक गरिएको चालु आर्थिक वर्षको मौद्रिक नीतिले समष्टिगत माग पक्षबाट मूल्य एवम् वाह्य क्षेत्र स्थायित्वमा दवाव पर्न नदिने, प्रभावकारी तरलता व्यवस्थापन गर्दै ब्याजदर स्थायित्व कायम राख्ने र उत्पादन, रोजगारी तथा उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई प्रोत्साहन गर्ने कार्यदिशा तय गरेको थियो । कोभिड-१९ संक्रमणका कारण मौद्रिक नीतिको कार्यदिशा प्रभावित हुन नदिन विगत २ महिनादेखि अपनाइएका

वित्तीय सहजीकरणका उपायहरुले बजारको विश्वास कायम राख्न महत्वपूर्ण भूमिका खेलेको यस बैंकको विश्वास छ ।

६. चालु आर्थिक वर्षको नौ महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति, कोभिड–१९ महामारीका कारण राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा विकसित घटनाक्रम, मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था, आगामी कार्यदिशा तथा मौद्रिक एवम् वित्तीय उपायहरु समावेश गरी यो त्रैमासिक समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## आर्थिक लक्ष्यको स्थिति

७. आर्थिक वर्ष २०७६/७७ मा उत्पादकको मूल्यमा २.२८ प्रतिशत आर्थिक वृद्धि हुने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ (तालिका १) । चालु आर्थिक वर्षमा धान उत्पादन घट्नुको साथै कोभिड-१९ महामारीका कारण उत्पादन तथा आपूर्ति प्रणाली प्रभावित हुन गई अर्थतन्त्रका सबै क्षेत्र प्रभावित भएका छन् । यसर्थ, चालु आर्थिक वर्षमा खानी तथा उत्खनन, उत्पादन, निर्माण, होटेल तथा रेष्टुरेन्ट एवम् यातायात उपक्षेत्रको वृद्धि ऋणात्मक रहने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ ।

**तालिका १: आर्थिक वृद्धिदर**

(प्रतिशतमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७* |
|---|---|---|---|
| आर्थिक वृदिदर (उत्पादकको मूल्यमा) | ६.७० | ६.९९ | २.२८ |
| कृषि | २.८२ | ५.०६ | २.५९ |
| गैर कृषि | ७.७४ | ७.३७ | २.२७ |
| उद्योग | ९.५७ | ७.७२ | ३.२३ |
| सेवा | ७.२४ | ७.२७ | १.९९ |

* प्रारम्भिक अनुमान । स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

८. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनसँग उपभोगको अनुपात बढ्ने र कुल राष्ट्रिय बचत, कुल स्थिर पुँजी निर्माण र साधन अन्तर (Resource Gap) को अनुपात घट्ने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अनुपात गत आर्थिक वर्ष ८१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ८१.९ प्रतिशत कायम हुने अनुमान छ । त्यसैगरी, कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात गत वर्षको ४८.९ प्रतिशतबाट चालु आर्थिक वर्ष ४६ प्रतिशत र कुल स्थिर पुँजी निर्माणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात गत वर्षको ३३.७ प्रतिशतबाट चालु आर्थिक वर्ष २८.१ प्रतिशत रहने अनुमान छ ।

९. चालु आर्थिक वर्षमा कुल वचतमा सामान्य वृद्धि भएको तथा कुल लगानीमा कमी आएका कारण साधन अन्तरको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात गत वर्ष ७.७ प्रतिशतले ऋणात्मक रहेकोमा चालु वर्षमा ४.१ प्रतिशतले ऋणात्मक रहने अनुमान छ ।

**तालिका २ : प्रदेशगत आर्थिक स्थिति**

| प्रदेश | आर्थिक वृद्धिदर | | कुल गार्हस्थ्य उत्पादनमा अंश | |
|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७* | २०७५/७६ | २०७६/७७* |
| १ | ७.४० | ३.४१ | १५.७ | १५.८ |
| २ | ८.१२ | २.२८ | १३.६ | १३.८ |
| बागमती | ६.४० | १.२३ | ३६.४ | ३५.८ |
| गण्डकी | ६.६५ | २.६८ | ८.९ | ८.९ |
| ५ | ६.७८ | २.०० | १४.२ | १४.२ |
| कर्णाली | ८.१० | ३.५८ | ४.२ | ४.३ |
| सुदूर-पश्चिम | ६.९० | ४.०८ | ७.० | ७.२ |
| **नेपाल** | ६.९९ | २.२८ | १००.० | १००.० |

* प्रारम्भिक अनुमान, उत्पादकको मूल्यमा । स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

१०. आर्थिक वर्ष २०७६/७७ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १०८५ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७५/७६ मा यस्तो उत्पादन अमेरिकी डलर १०३९ रहेको थियो।

११. प्रदेशगत आधारमा आर्थिक वृद्धिदरको तुलना गर्दा आर्थिक वर्ष २०७६/७७ मा सुदूर-पश्चिम प्रदेशको सवैभन्दा उच्च र बागमती प्रदेशको सवैभन्दा न्यून रहने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ। देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानका आधारमा तुलना गर्दा बागमती प्रदेशको योगदान सवैभन्दा उच्च र कर्णाली प्रदेशको सवैभन्दा न्यून रहेको छ (तालिका २)।

१२. आर्थिक वर्ष २०७६/७७ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा पहिलो नौ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशत रहेको छ। वार्षिक विन्दुगत आधारमा २०७६ चैतमा उपभोक्ता मुद्रास्फीति ६.७ प्रतिशत रहेको छ। २०७५ चैतमा यस्तो मुद्रास्फीति ४.४ प्रतिशत रहेको थियो (तालिका ३)।

**तालिका ३: उपभोक्ता मुद्रास्फीति दर**

(प्रतिशतमा)

| विवरण | वार्षिक औसत | | वार्षिक बिन्दुगत | |
|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७५ चैत | २०७६ चैत |
| समग्र | ४.२ | ४.६ | ४.४ | ६.७ |
| खाद्य | २.७ | ३.१ | २.८ | ९.७ |
| गैर-खाद्य | ५.३ | ५.९ | ५.७ | ४.५ |

१३. समीक्षा अवधिमा निर्यात १२.९ प्रतिशतले वृद्धि भएको र आयात ७.५ प्रतिशतले घटेका कारण गत वर्षको सोही अवधिको तुलनामा व्यापार घाटामा ८.९ प्रतिशतले कमी आएको छ।

१४. कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा २०७६ चैत मसान्तमा कायम विदेशी विनिमय सञ्चितिले ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने देखिन्छ।

१५. समीक्षा अवधिमा चालु खाता रु. १३५ अर्ब ५४ करोडले घाटामा र शोधनान्तर स्थिति रु. ३६ अर्ब ६१ करोडले बचतमा रहेको छ। निर्यात वृद्धि, आयात संकुचन, पर्यटन व्ययमा आएको कमी, वाह्य ऋण परिचालन र प्रत्यक्ष वैदेशिक लगानीमा भएको वृद्धिका कारण शोधनान्तर स्थिति बचतमा रहन गएको हो।

१६. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु. ५६ अर्ब २८ करोडले घाटामा रहेको छ। यस अवधिमा बैंकिङ्ग कारोबारमा आधारित (सोझै भुक्तानी र भुक्तानी लिन बाँकी चेकबाहेक) संघीय सरकारको कुल खर्च रु. ६३८ अर्ब १ करोड र राजस्व संकलन (प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु. ५९० अर्ब ७६ करोड रहेको छ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### मौद्रिक लक्ष्यहरुको स्थिति

१७. आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिले विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशतमा सीमित गर्ने

**तालिका ४: मौद्रिक लक्ष्यहरुको स्थिति**

(प्रतिशत)

| वृद्धिदर | वार्षिक बिन्दुगत | |
|---|---|---|
| | आ.व. २०७६/७७ (प्रक्षेपित) | २०७६ चैत मसान्त (यथार्थ) |
| विस्तृत मुद्राप्रदाय | १८.० | १५.३ |
| आन्तरिक कर्जा | २४.० | १४.२ |
| निजी क्षेत्रतर्फको कर्जा | २१.० | १५.४ |

लक्ष्य राखेकोमा वार्षिक विन्दुगत आधारमा २०७६ चैत मसान्तमा यस्तो वृद्धिदर १५.३ प्रतिशत रहेको छ ।

१८. आर्थिक वर्ष २०७६/७७ मा कुल आन्तरिक कर्जाको वृद्धिदर २४ प्रतिशतमा र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर २१ प्रतिशतमा सीमित राख्ने प्रक्षेपण रहेकोमा २०७६ चैत मसान्तमा यस्तो कर्जाको वार्षिक विन्दुगत वृद्धिदर क्रमशः १४.२ प्रतिशत र १५.४ प्रतिशत रहेको छ ।

१९. २०७६ असार मसान्तको तुलनामा २०७६ चैत मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १०.२ प्रतिशतले अवमूल्यन भई प्रति अमेरिकी डलर खरिद विनिमय दर रु. १२१.७६ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.९ प्रतिशतले अवमूल्यन भएको थियो ।

## मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण

२०. कोभिड–१९ महामारीका कारण प्रभावित अर्थतन्त्रलाई सहजीकरण गर्न यस बैंकले तरलता वृद्धि गर्ने र ब्याजदर घटाउने नीति अवलम्वन गरेको छ । यस क्रममा बैंक दर, अनिवार्य नगद अनुपात र विद्यमान ब्याजदर करिडोर अन्तर्गतका दरहरुलाई २०७६ चैत १६ गते १ प्रतिशत विन्दुले घटाई बैंक दरलाई ६ प्रतिशतबाट ५ प्रतिशत र अनिवार्य नगद अनुपातलाई ४ प्रतिशतबाट ३ प्रतिशत कायम गरिएको थियो ।

२१. करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दरलाई ६ प्रतिशतबाट ५ प्रतिशत, नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ४.५ प्रतिशतबाट ३.५ प्रतिशत र तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३ प्रतिशतबाट २ प्रतिशत कायम गरिएको थियो ।

२२. वाणिज्य बैंकहरुले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात १० प्रतिशत, विकास बैंकहरुकालागि ८ प्रतिशत र वित्त कम्पनीहरुका लागि ७ प्रतिशत रहेको छ ।

२३. मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइएको वाणिज्य बैंकहरुबीचको अन्तरबैंक कारोबार दर २०७६ चैत महिनामा २.१३ प्रतिशत रहेको छ । २०७५ चैतमा यस्तो अन्तरबैंक कारोबार दर ५.२८ प्रतिशत रहेको थियो ।

## तरलता व्यवस्थापन

### तरलता प्रवाह

२४. समीक्षा अवधिमा खुला बजार कारोबारमार्फत् कुल रु. ११३ अर्ब ७७ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ७३ अर्ब ६ करोड गरी कुल रु. १८६ अर्ब ८३ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोबारमार्फत् कुल रु. ३९ अर्ब ५३ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ९ अर्ब ७२ करोड गरी कुल रु. ४९ अर्ब २५ करोड तरलता प्रवाह गरिएको थियो ।

**तालिका ५: तरलता प्रशोचन तथा प्रवाह**

(रु. अर्बमा)

| विवरण | नौ महिना | |
|---|---|---|
| | २०७५/७६ | २०७६/७७ |
| **(क) तरलता प्रशोचन** | **१००.३५** | **५८.००** |
| निक्षेप संकलन | ७९.६५ | ३०.०० |
| रिभर्स रिपो | २०.७० | २८.०० |
| सोझै बिक्री बोलकबोल | – | – |
| निक्षेप संकलन (IRC) | – | – |
| **(ख) तरलता प्रवाह** | **४९.२५** | **१८६.८३** |
| सोझै खरिद बोलकबोल | – | – |
| रिपो | ३५.५३ | १०८.५५ |
| रिपो (IRC) | ४.०० | ५.२२ |
| स्थायी तरलता सुविधा | ९.७२ | ७३.०६ |

२५. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब ६७ करोड खुद खरिद गरी रु.३०५ अर्ब ८६ करोड खुद तरलता प्रवाह गरेको छ ।

### तरलता प्रशोचन

२६. आर्थिक वर्ष २०७६/७७ को नौ महिनासम्ममा खुलाबजार कारोबार अन्तर्गतका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी कुल रु. ५८ अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १०० अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको थियो (तालिका ५) ।

### भारतीय मुद्रा खरिद

२७. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ६ करोड बिक्री गरी रु.३५० अर्ब ९ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब १६ करोड र अन्य परिवर्त्य विदेशी मुद्रा बिक्री गरी कुल रु. ३९३ अर्ब ७७ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको थियो ।

### अन्तरबैंक कारोबार

२८. आर्थिक वर्ष २०७६/७७ को नौ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १२६२ अर्ब २७ करोड र अन्य वित्तीय संस्थाहरुले रु. ११६ अर्ब ५३ करोड गरी कुल रु. १३७८ अर्ब ८० करोडको अन्तरबैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमश: रु. ११५० अर्ब ८० करोड र रु. १५९ अर्ब ८२ करोड गरी कुल रु. १३१० अर्ब ६२ करोडको यस्तो कारोबार गरेका थिए ।

### ब्याजदर

२९. २०७५ चैतमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.४४ प्रतिशत रहेकोमा २०७६ चैतमा २.१३ प्रतिशत कायम भएको छ । त्यसैगरी, वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७५ चैतको ५.२८ प्रतिशतको तुलनामा २०७६ चैतमा २.१३ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७५ चैतको ५.०६ प्रतिशतको तुलनामा २०७६ चैतमा ३.५२ प्रतिशत कायम भएको छ (तालिका ६) ।

**तालिका ६ : भारित औसत ब्याजदर** *(प्रतिशतमा)*

| विवरण | असार | | चैत | |
|---|---|---|---|---|
| | २०७५ | २०७६ | २०७५ | २०७६ |
| ९१-दिने ट्रेजरी विल | ३.७४ | ४.९७ | ४.४४ | २.१३ |
| अन्तर-बैंक दर | २.९६ | ४.५२ | ५.२८ | २.१३ |
| कर्जाको भारित औसत ब्याजदर | १२.४७ | १२.१३ | १२.२८ | ११.७७ |
| निक्षेपको भारित औसत ब्याजदर | ६.४९ | ६.६० | ६.६७ | ६.७४ |
| आधार दर | १०.४७ | ९.५७ | ९.६४ | ९.३६ |

३०. २०७६ चैतमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ६.७४ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.७७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी दरहरु क्रमश: ६.६७ प्रतिशत र १२.२८ प्रतिशत रहेका थिए । त्यसैगरी, वाणिज्य बैंकहरुको आधार दर २०७५ चैत महिनामा ९.६४ प्रतिशत रहेकोमा २०७६ चैत महिनामा ९.३६ प्रतिशत कायम भएको छ ।

## कर्जा तथा स्रोत व्यवस्थापन

३१. बैंक तथा वित्तीय संस्थाहरुले विदेशी बैंक, पेन्सन फन्ड, हेज फन्ड लगायतका स्रोतबाट ६ महिना अवधिको LIBOR दरमा थप ४ प्रतिशतसम्मको ब्याज दर कायम हुनेगरी ऋण लिन सक्ने व्यवस्था अन्तर्गत २०७६ चैत मसान्तसम्म ९ बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्था समेत) ले अमेरिकी डलर १३ करोड ६ लाख र जापनिज येन १ करोड १० लाख ऋण लिन स्वीकृति लिएका छन् । यस मध्ये ८ बैंक तथा वित्तीय संस्थाले अमेरिकी डलर १० करोड १६ लाख र जापनिज येन १ करोड ५ लाख ऋण प्राप्त गरेका छन् ।

३२. वाणिज्य बैंकहरुले २०७७ असार मसान्तभित्र आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत बराबर ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था रहेकोमा २०७६ चैत मसान्तसम्म १८ वाणिज्य बैंकहरुले रु. ५२ अर्ब ६० करोडको ऋणपत्र जारी गरेका छन् ।

३३. यस बैंकबाट प्रदान गरिने पुनरकर्जा सुविधालाई प्रभावकारी बनाउन पुनरकर्जा कार्यविधि जारी गरिनुका साथै पुनरकर्जा कोषको सीमा वृद्धि गरी रु. ६० अर्ब पुऱ्याइएको छ । २०७६ चैत मसान्तसम्म कुल रु. १८ अर्ब ३१ करोड पुनरकर्जा लगानीमा रहेको छ ।

३४. सहुलियतपूर्ण कर्जा व्यवस्थालाई थप प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थाहरुले २०७७ असार मसान्तसम्म प्रवाह गर्नुपर्ने कर्जाको न्यूनतम संख्या समेत निर्धारण गरिएको छ । २०७६ चैत मसान्तसम्ममा २८,६५९ ऋणीहरूमा रु. ५३ अर्ब ८७ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ । यसमध्ये २३,४०९ ऋणीहरूमा रु. ५० अर्ब ४७ करोड व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा र ५,२५० ऋणीहरूलाई रु. ३ अर्ब ४१ करोड अन्य प्रकारको कर्जा लगानीमा रहेको छ ।

३५. बाणिज्य बैंकहरुले कुल कर्जाको कम्तिमा १० प्रतिशत कृषि तथा १५ प्रतिशत ऊर्जा, पर्यटन लगायतका प्राथमिकताप्राप्त क्षेत्रहरुमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७६ चैत मसान्तसम्म यी बैंकहरुको कृषिमा १० प्रतिशत अर्थात रु. २६६ अर्ब, ऊर्जामा ५.३ प्रतिशत अर्थात रु. १४० अर्ब र पर्यटनमा ४.९ प्रतिशत अर्थात रु. १३० अर्ब लगानीमा रहेको छ ।

## वित्तीय क्षेत्र कार्यक्रमको कार्यान्वयन स्थिति

३६. वित्तीय क्षेत्र सुदृढीकरण गर्ने नीतिगत व्यवस्था अनुरुप बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियाले चालु आर्थिक वर्षमा निरन्तरता पाएको छ । समीक्षा अवधिमा एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियामा ४ वाणिज्य बैंक सहित २६ संस्था संलग्न भई १२ संस्थाको इजाजत खारेज भएको छ ।

३७. स्व:प्रयोजनको लागि निर्माण/खरिद गरिने पहिलो घरको लागि प्रदान गरिने कर्जामा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) अधिकतम ६० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

३८. स्व:प्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर तथा रु. ५० लाखदेखि रु. २ करोडसम्मको कृषि, पर्यटन एवम् साना तथा मझौला पेशा/व्यवसायका लागि कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्ने व्यवस्था मिलाइएको छ ।

३९. नियमानुसार दर्ता भएका घरजग्गा व्यवसाय कम्पनीहरुले सञ्चालन गर्ने नेपाल सरकारको सम्वन्धित निकायबाट अनुमति प्राप्त आयोजनाका लागि प्रदान गरिने कर्जाको ऋण मूल्य अनुपात

(LTV Ratio) महानगरपालिका, उपमहानगरपालिका र काठमाडौं महानगरपालिकासँग जोडिएका नगरपालिका क्षेत्रमा अधिकतम ५० प्रतिशत र सो बाहेकका क्षेत्रमा ६० प्रतिशत गर्न सकिने व्यवस्था गरिएको छ ।

४०. प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह हुने कर्जालाई थप प्रोत्साहित गर्न सूक्ष्म निगरानी (watch list) सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिएको छ ।

## भुक्तानी प्रणाली सुदृढीकरण

४१. विद्युतीय माध्यमबाट गरिने भुक्तानीलाई अभिवृद्धि गर्दै नगद कारोबारलाई क्रमशः घटाउँदै लैजाने नीति अनुरुप २०७६ चैत मसान्तसम्म ९ भुक्तानी प्रणाली सञ्चालक र १३ भुक्तानी सेवा प्रदायक गरी २२ संस्थाहरूलाई अनुमति प्रदान गरिएको छ ।

४२. भुक्तानी प्रणालीको आधुनिकीकरण गर्ने क्रममा वास्तविक समयमा फर्स्यौट हुने प्रणाली (RTGS) सञ्चालनमा ल्याइएको छ ।

४३. नेपाली मुद्रामा गरिने भुक्तानी तथा फर्स्यौट कारोबारलाई कार्डमार्फत भुक्तानी सहजीकरण गर्ने उद्देश्यले Union Pay International र Smart Choice Technology को सहकार्यमा Co-Brand कार्ड जारी भएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

४४. विप्रेषण आप्रवाहलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न तथा औपचारिक माध्यमको प्रयोगलाई बढावा दिन वैदेशिक रोजगार बचतपत्रको बिक्री वर्षैभरी खुला गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४५. विदेशी विनिमय कारोबार नियमन थप प्रभावकारी र व्यवस्थित बनाउने उद्देश्यले औपचारिक माध्यम बाहिर हुने विप्रेषण लगायतका कारोबारलाई बैंकिङ्ग प्रणालीको दायरामा ल्याउन उच्चस्तरीय संयन्त्रको पुर्नगठन गरिएको छ । साथै, सामाजिक सञ्जाल तथा अनलाइनमार्फत् हुने विज्ञापनवापत विदेशी मुद्रामा हुने भुक्तानी तथा प्राप्तिको व्यवस्थापन सम्बन्धी सर्वसाधारणमा सूचना जारी गरिएको छ ।

४६. वैदेशिक लगानी आप्रवाहलाई प्रोत्साहन गर्न विदेशी विनिमय इकाइलाई प्रभावकारी बनाउँदै यस बैंकको स्वीकृतिका लागि प्राप्त निवेदन उपर यथाशीघ्र निर्णय गर्ने व्यवस्था मिलाइएको छ ।

## कोभिड–१९ को अर्थतन्त्रमा प्रभाव

४७. विगत तीन वर्षमा औसत ७.३ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा चालु आर्थिक वर्षसमेत सोही प्रवृत्ति कायम रहने प्रक्षेपण रहेको थियो । कोभिडपूर्वको अवस्थामा चालु आर्थिक वर्षका लागि यस बैकले गरेको ७ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण र केन्द्रीय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको २.२८ प्रतिशत आर्थिक वृद्धिको अनुमानबीचको अन्तरका आधारमा कोभिड-१९ महामारीका कारण प्रचलित मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादनमा रु. १६८ अर्ब नोक्सानी हुने प्रारम्भिक अनुमान छ ।

४८. २०७६ चैतदेखि २०७७ बैशाखसम्ममा रु. ७ अर्ब १६ करोडको निर्यात र रु. १०० अर्ब ९० करोडको आयात भएको छ । गत वर्षको सोही अवधिमा रु. १७ अर्ब ३१ करोडको निर्यात र रु. २२९ अर्ब ३ करोडको आयात भएको थियो ।

४९. २०७६ चैतदेखि २०७७ बैशाखसम्मको अवधिमा करिव रु. ७५ अर्ब ४८ करोड विप्रेषण प्राप्त भएको अनुमान छ । गत वर्षको सोही अवधिमा रु. १४३ अर्ब ११ करोड विप्रेषण प्राप्त भएको थियो । २०७६ फागुनमा रु. ५ अर्ब १० करोड पर्यटन आय प्राप्त भएकोमा २०७६ चैतमा रु. १ अर्ब ६० करोड प्राप्त भएको छ ।

५०. २०७६ चैतदेखि २०७७ बैशाखसम्मको अवधिमा बैंक तथा वित्तीय संस्थाले रु. ८३ अर्ब निक्षेप संकलन र रु. २२ अर्ब कर्जा लगानी गरेको अपरिष्कृत तथ्याङ्क छ ।

५१. २०७६ चैतदेखि २०७७ बैशाखसम्मको अवधिमा बैंकिङ्ग प्रणालीमा सुविधाजनक तरलता रहेको छ । २०७७ बैशाख महिनामा बैकिङ्ग प्रणालीमा औसत रु. ४९ अर्ब २ करोड अधिक तरलता रहेको छ ।

**तालिका ७ : प्रमुख आर्थिक सूचकहरुको स्थिति (रु. अर्बमा)**

| विवरण | २०७५/७६ | | २०७६/७७ | | |
|---|---|---|---|---|---|
| | २०७५ चैत | २०७६ बैशाख | २०७६ फागुन | २०७६ चैत | २०७७ बैशाख* |
| उपभोक्ता मुद्रास्फीतिदर (वार्षिक बिन्दुगत आधारमा) | ४.४४ | ५.२९ | ६.७ | ६.७४ | – |
| उपभोक्ता मुद्रास्फीतिदर (अघिल्लो महिनाको तुलनामा) | ०.५८ | १.१९ | -०.२७ | ०.६२ | – |
| *खाद्य तथा पेय पदार्थ* | *१.३५* | *१.५४* | *-०.६६* | *१.६८* | – |
| *गैर खाद्य तथा सेवा* | *-०.०२* | *०.९३* | *०.०४* | *-०.२१* | – |
| कुल निर्यात | ८.६ | ८.७ | ९.९ | ३.९ | ३.२ |
| कुल आयात | ११२.५ | ११६.५ | १२०.६ | ५८.३ | ४२.६ |
| भ्रमण आय | ७.१ | ९.० | ५.१ | १.६ | – |
| भ्रमण व्यय | ६.४ | ५.७ | ५.४ | १.२ | – |
| विप्रेषण आप्रवाह | ७१.० | ७२.१ | ७९.२ | ३४.५ | ४४ |
| कुल सरकारी खर्च | – | – | १२४.१ | ६४.६ | ८५.८ |
| चालु खर्च | – | – | ८५.१ | ४४.६ | ७६.७ |
| पुँजीगत खर्च | – | – | १९.६ | ८.७ | ९.१ |
| कुल राजस्व | – | – | ५४.४ | ४३.९ | १६.१ |
| कुल निक्षेप | २४.९ | २९.२ | ५१.० | ५३.४ | २९.६ |
| निजी क्षेत्रतर्फको कर्जा | ४६.५ | १५.६ | ३५.६ | ४०.० | -१८.० |
| निक्षेपको भारित औसत ब्याजदर | ६.६७ | ६.६७ | ६.७७ | ६.७४ | - |
| कर्जाको भारित औसत ब्याजदर | १२.२८ | १२.२३ | ११.८ | ११.७७ | - |

*स्रोतः नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालय ।*

**अपरिष्कृत तथ्याङ्क । -उपलव्ध भई नसकेको ।*

५२. २०७६ चैतदेखि २०७७ बैशाखसम्मको अवधिमा रु. ३१ अर्ब ६९ करोड तरलता प्रवाह भएको छ । यस अन्तर्गत स्थायी तरलता सुविधामार्फत रु. ३० अर्ब १३ करोड र ओभरनाइट रिपोमार्फत् रु. १ अर्ब ५६ करोड खुद तरलता प्रवाह भएको छ ।

५३. २०७६ चैतदेखि २०७७ बैशाखसम्मको अवधिमा वाणिज्य बैंकहरुबीच रु. १५३ अर्ब २० करोड र वित्तीय संस्थाहरुबीच (बाणिज्य बैंकहरुबीच बाहेक) रु. ८ अर्ब ३ करोड अन्तरबैंक कारोबार भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तरबैंक कारोबार दर २०७६ चैतमा २.१३ प्रतिशत रहेकोमा २०७७ बैशाखमा ४.०६ प्रतिशत कायम भएको छ ।

५४. चालु आर्थिक वर्षमा नेपाल सरकारले रु. १९५ अर्ब आन्तरिक ऋण परिचालन गर्ने योजना रहेकोमा २०७७ जेठ ९ सम्ममा रु. ४५ अर्ब बराबरको ट्रेजरी विल, रु. १०० अर्ब बराबरको विकास ऋणपत्र, रु. १३ करोड ५० लाख बराबरको नागरिक बचतपत्र र रु. ५० लाख २० हजार बराबरको बैदेशिक रोजगार बचतपत्रसमेत गरी कुल रु. १४५ अर्ब १४ करोड २० हजार आन्तरिक ऋण परिचालन भएको छ ।

## कोभिड–१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्बन गरिएका व्यवस्थाहरु

५५. कोभिड–१९ संक्रमण रोकथाम गर्न चालिएका कदमबाट अर्थतन्त्रमा पर्न गएको असरलाई दृष्टिगत गरी तरलतालाई थप सहज बनाउने र ब्याजदर कटौती गर्ने उद्देश्यले यस बैंकले २०७६ चैत १६ मा अनिवार्य नगद अनुपात, बैंकदर र रिपोदरमा कटौती गरेको थियो ।

५६. कोभिड–१९ महामारीका कारण प्रभावित भएका तर तोकिएका क्षेत्रका ऋणीहरुबाहेकका लागि २०७६ चैतमा कायम ब्याजदरमा आधार दरभन्दा कम नहुने गरी २ प्रतिशत विन्दुले कम गरी चालु आर्थिक वर्षको चौथो त्रयमासको ब्याज गणना गर्नुपर्ने व्यवस्था गरिएको छ । उपर्युक्त व्यवस्था अन्तर्गत खुद्रा लघुवित्त कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले ३ प्रतिशत र थोक कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाले २ प्रतिशत विन्दुले कम गरी ब्याजदर गणना गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५७. उत्पादनमुलक तथा प्राथमिकताप्राप्त क्षेत्रमा माग हुने कर्जालाई ध्यानमा राखी पुनरकर्जा कोषको सीमा वृद्धि गरी रु. ६० अर्ब पुर्‍याउने र यसलाई क्रमिक रुपमा वढाउँदै लैजाने नीति लिइएको छ । पुनरकर्जा सुविधामा कोभिड-१९ बाट प्रभावित साना तथा मझौला उद्योगलाई प्राथमिकता दिने व्यवस्था मिलाइएको छ ।

५८. २०७६ चैतदेखि २०७७ जेठसम्म भुक्तानी गर्नुपर्ने कर्जा दायित्वहरुलाई २०७७ असार मसान्तसम्म भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ । साथै, चालु पुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको भुक्तानी अवधि ६० दिनसम्म थप गर्न सक्ने व्यवस्था गरिएको छ ।

५९. २०७६ पुस मसान्तसम्म साँवा र ब्याज नियमित भुक्तानी गरिरहेका पर्यटन तथा यातायात क्षेत्रका ऋणीहरुले अल्पकालीन कर्जा माग गरेमा साँवा तथा ब्याज बक्यौता रहेतापनि आवश्यकता अनुसार निश्चित सीमासम्म शीघ्र प्रक्रिया अपनाई कर्जा प्रकृया शुरु गरिएको ५ कार्यदिनभित्र कर्जा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ । कर्जाको द्रुत प्रक्रिया सम्वन्धी व्यवस्था कोभिड–१९ संक्रमण

रोकथाम तथा उपचार गर्न प्रयोग हुने आवश्यक वस्तुहरुको व्यवस्थापनका लागि माग हुने कर्जामा समेत लागु गरिएको छ ।

६०. कोभिड–१९ संक्रमितको उपचारमा सहयोग पुग्ने गरी सेवा विस्तार वा स्तरोन्नति गर्न चाहने निजी स्वास्थ्य संस्थालाई प्रवाह भएको कर्जालाई प्राथमिकताप्राप्त क्षेत्र कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

६१. बैदेशिक रोजगारीमा जान अनुमति लिएका तर संक्रमणका कारण रोजगार गन्तव्यमा जान नपाएका व्यक्तिहरुले संक्रमण जोखिम सकिएपश्चात् मुलुकभित्रै उद्योग व्यवसाय संचालन गर्न कर्जा माग गरेमा निबेदन दिएको ७ कार्यदिनभित्र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

६२. बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी क्षमता बढाई आर्थिक गतिविधि चलायमान बनाउन Countercyclical Buffer सम्बन्धी व्यवस्थालाई स्थगन गरिएको छ ।

६३. बन्दाबन्दीको अवधिमा भुक्तानी कारोबार सहजीकरण गर्न र विद्युतीय भुक्तानी कारोबारलाई प्रोत्साहित गर्न RTGS मार्फत् गरिने कारोबारमा २०७६ चैत १० देखि अर्को सूचना जारी नभएसम्मका लागि शुल्क नलाग्ने व्यवस्था गरिएको छ । त्यसैगरी, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, वालेट जस्ता माध्यमबाट गरिने भुक्तानी कारोबारको सीमा वृद्धि गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

६४. सन् २०१९ मा २.९ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र कोभिड-१९ महामारी र यसबाट मानवीय क्षती कम गर्न विश्वभर अपनाईएका लकडाउन लगायतका उपायहरुका कारण सन् २०२० मा ३ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०१९ मा १.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ६.१ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

६५. उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा १ प्रतिशतले घट्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । चीनको अर्थतन्त्र सन् २०१९ मा ६.१ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा १.२ प्रतिशत र भारतीय अर्थतन्त्र सन् २०१९ मा ४.२ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा १.९ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

६६. विकसित अर्थतन्त्रहरुमा उपभोक्ता मुद्रास्फीति सन् २०१९ मा १.४ प्रतिशत रहेकोमा सन् २०२० मा ०.५ प्रतिशत हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील अर्थतन्त्रहरुमा उपभोक्ता मुद्रास्फीति सन् २०१९ को ५ प्रतिशतको तुलनामा सन् २०२० मा ४.६ प्रतिशत रहने प्रक्षेपण छ ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

६७. कोभिड–१९ महामारीबाट मानवीय क्षति हुन नदिन अपनाइएको बन्दाबन्दीका कारण अन्य मुलुकहरु झैं नेपालको पनि उत्पादन, वितरण तथा आपूर्ति प्रणाली प्रभावित भएको छ । यसको प्रभाव अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा देखिन थालेको छ ।

६८. चालु आर्थिक वर्षको नौ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.५३ प्रतिशत रहेकोमा वार्षिक औसत मुद्रास्फीति ६.५० प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

६९. चालु आर्थिक वर्षको नौ महिनासम्म शोधनान्तर स्थिति रु.३६ अर्ब ६१ करोडले बचतमा रहेको छ । विप्रेषण आप्रवाहमा कमी आउने क्रम शुरु भएतापनि आयात समेत घट्दो क्रममा रहेका कारण आर्थिक वर्षको अन्त्यमा पनि शोधनान्तर बचतमा नै रहने अनुमान छ ।

७०. २०७६ चैतमा वार्षिक विन्दुगत आधारमा विस्तुत मुद्राप्रदायको वृद्धिदर १५.३ प्रतिशत र निजीक्षेत्रतर्फ लगानीमा रहेको कर्जाको वृद्धिदर १५.४ प्रतिशत रहेको छ । विद्यमान आर्थिक परिदृष्यलाई दृष्टिगत गर्दा चालु आर्थिक वर्षमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १३ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर १५ प्रतिशत रहने अनुमान छ ।

७१. कोभिड–१९ संक्रमण पछि अर्थतन्त्रमा परेको प्रभाव न्यूनीकरण गर्न यस बैंकले चालेका नीतिगत कदमहरुका कारण तरलता स्थिति सहज रहने र कर्जाको ब्याजदरमा कमी आउने देखिन्छ ।

## मौद्रिक नीतिको कार्यदिशा

७२. कोभिड–१९ महामारीबाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गर्दै ब्याजदरलाई उपयुक्त स्तरमा राख्ने र प्राथमिकताप्राप्त क्षेत्रतर्फ कर्जा प्रवाह प्रोत्साहित गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहने छ ।

७३. आन्तरिक तथा वाह्य क्षेत्र स्थायित्व कायम राख्न प्राथमिकताप्राप्त क्षेत्र, लघु, साना तथा मझौला व्यवसाय, रोजगारी सिर्जना एवम् उद्यमशीलता विकासतर्फ वित्तीय साधन प्रोत्साहित गरी आन्तरिक उत्पादन प्रवर्द्धनमा जोड दिइने छ ।

७४. भुक्तानी प्रणालीको विकासमार्फत वित्तीय मध्यस्थताको समय तथा लागत कटौती गर्ने, सर्वसाधारणको वित्तीय पहुँच अभिवृद्धि गर्ने र वित्तीय क्षेत्रको सवलीकरण गर्ने कार्यलाई जारी राखिने छ ।

७५. कोभिड–१९ महामारीले पार्न सक्ने थप प्रभावलाई समेत ध्यानमा राखी अर्थतन्त्रलाई पुनरुत्थान गर्न नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटसँग सामञ्जस्यता कायम हुने गरी वार्षिक मौद्रिक नीति तर्जुमा गरिने छ ।

## मौद्रिक तथा वित्तीय उपायहरु

७६. २०७७ असार मसान्तसम्म निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर अन्तर ४.४ प्रतिशतभित्र ल्याईसक्नुपर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

७७. बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत निक्षेपकर्ताका लागि तोक्ने ब्याजदरलाई थप व्यवस्थित बनाइने छ ।

७८. बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात, बैंकदर र वैधानिक तरलता अनुपातलाई यथावत कायम गरिएको छ ।

७९. कृषि व्यवसाय, लघु, साना तथा मझौला उद्योग लगायतका क्षेत्रमा प्रादेशिक सन्तुलन समेत कायम हुनेगरी सहज रुपमा पुनरकर्जा सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

**अन्त्यमा,**

८०. आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा प्रतिवेदन तयार पार्न आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराई सहयोग पुऱ्याउने सबै सरोकारवालाहरुमा नेपाल राष्ट्र बैंक धन्यबाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

**२०७७ जेठ १३ गते ।**